# सूचना ३

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी मिशनरी अफ च्यारिटी, सिलगुरी शाखाले ब्लक नं. ४०२ मित्रपार्क, चावहिल काठमाडौंस्थित शाखामा आश्रित बालबालिका तथा पशुपतिस्थित वृद्धाश्रमका बिरामी वृद्धहरूलाई निःशुल्क वितरण गर्न तपसिलमा लेखिएका खाद्यपदार्थ उपहारस्वरूप प्रदान गर्ने भएकोले सोको पैठारीमा लाग्ने भन्सार महसुल तथा बिक्रीकर पूर्णरूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. ६ टीन बिस्कुट १० किलो प्रतिटीन
२. ४ टीन दूध पाउडर १० किलो प्रतिटीन
३. ४ बाकस बच्चाको दूध

आज्ञाले,
ईश्वरकुमार श्रेष्ठ
उपसचिव

श्री ५ को सरकार

## जलस्रोत मन्त्रालयको सूचना

श्री ५ को सरकारले कन्काई विकास समिति (गठन) आदेश, २०२६, भूमिगत जलस्रोत विकास समिति (गठन) आदेश, २०३१ र सिंचाइ विकास समिति (गठन) आदेश, २०३२ को दफा ३ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी उक्त समितिहरूको अध्यक्षमा जलस्रोत मन्त्रालयका अतिरिक्त सचिव (प्रा.) श्री हिरण्यजित मल्ल रहने गरी हेरफेर गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
मधुसूदन ढकाल
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार